# संघीय संसद
# प्रतिनिधि सभा
## अर्थ समिति

प्रतिनिधि सभा
अर्थ समिति
२०७९

मिति: २०८१/०९/१८
बैठक संख्या: ४८
समय: बिहान ११:०० बजे।

छलफल र निर्णय

१. आजको बैठकमा प्रतिनिधि सभाबाट दफावार छलफलका लागि समितिमा प्राप्त भन्सार सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकमा समितिका माननीय सदस्य एवं भन्सार विभागका महानिर्देशक एवं केही भन्सार कार्यालयका प्रमुखहरूसँग छलफल भई देहाय बमोजिमको निर्णय भयो।

क. भन्सार महसुल ऐन, २०८१ सँग दोहोरो परेका कारण भन्सार विधेयकबाट हटाउनुपर्ने र भन्सार महसुल ऐन, २०८१ सँग तादम्यता कायम गर्नका लागि परिमार्जन गर्नुपर्ने दफाहरू र परिमार्जन गर्नुपर्ने व्यहोरा समेत स्पष्ट खुल्ने गरी दफावार रूपमा ५ (पाँच) दिनभित्र समितिमा विवरण पेश गर्न अर्थ मन्त्रालय र भन्सार विभागलाई निर्देशन दिने।

ख. २०८१।९।१८ को बैठकमा भन्सार विभागका महानिर्देशक र भन्सार कार्यालयका प्रमुखहरूले प्रस्तुत गर्नुभएका समस्याहरूको सम्बोधन गर्न तथा सुझावहरूको कार्यान्वयन गर्न भन्सार विधेयकमा राख्नुपर्ने प्रावधानहरू दफावार रूपमा ५ (पाँच) दिनभित्र समितिमा सुझाव पेश गर्न अर्थ मन्त्रालय र भन्सार विभागलाई निर्देशन दिने।

२. अर्को बैठक २०८१।९।१९ गते बिहान ११:०० बजे नेपाल समुद्रपार निकासी पैठारी संघ, नेपाल इन्टरमोडल यातायात विकास समिति र नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लिमिटेडसँग भन्सार विधेयकमा ती निकायका सरोकारका विषयमा छलफल गर्न बस्ने गरी आजको बैठक स्थगित भयो।

..............................
रेखा उपाध्याय खनाल
समित सचिव

..............................
सन्तोष चालिसे
सभापति